# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, असोज २ गते २०५२ साल (संख्या २३

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन नियमावली, २०५१ को नियम ९ बमोजिम देहायका जिल्लाहरूमा वन पैदावार आपूर्ति समिति गठन गरेको छः–

समिति गठन गरेका जिल्लाहरूः–

(१) झापा (२) मोरङ (३) सुनसरी (४) सप्तरी (५) सिराहा (६) उदयपुर (७) धनुषा (८) महोत्तरी (९) सर्लाही (१०) सिन्धुली (११) रौतहट (१२) बारा (१३) पर्सा (१४) मकवानपुर (१५) चितवन (१६) नवलपरासी (१७) कपिलवस्तु (१८) रूपन्देही (१९) दाङ (२०) बाँके (२१) बर्दिया (२२) सुर्खेत (२३) कैलाली (२४) कञ्चनपुर ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही उपदफाको खण्ड (ख) को प्रयोजनको लागि श्री ५ को सरकारले मिति २०५२।४।२२ को निर्णय अनुसार सवारीको लम्बाइको हकमा सवारी निर्माता कम्पनीको स्पेसिफिकेशनमा उल्लेख गरिएको चेसिसको लम्बाइलाई नै सवारीको लम्बाइको मापदण्ड निर्धारण गरेको छ ।

आज्ञाले,
कलाधर शर्मा
श्री ५ को सरकारको सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

228

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०५२।३।२५ को निर्णयानुसार मौजुदा राष्ट्रिय जनसंख्या समितिको देहायबमोजिम पुनर्गठन गरेको छ ।

(१) प्रधानमन्त्री एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष – अध्यक्ष
(२) गृह मन्त्री वा राज्यमन्त्री – सदस्य
(३) स्थानीय विकास मन्त्री वा राज्यमन्त्री – सदस्य
(४) शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्री – सदस्य
(५) स्वास्थ्य मन्त्री वा राज्यमन्त्री – सदस्य
(६) सूचना तथा संचार मन्त्री वा राज्यमन्त्री – सदस्य
(७) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – सदस्य
(८) सभापति, जनसंख्या तथा सामाजिक समिति, प्रतिनिधिसभा – सदस्य
(९) सदस्य, राष्ट्रिय योजना आयोग (जनसंख्या हेर्ने) – सदस्य
(१०) सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) – सदस्य
(११) उप-कुलपतिहरू:
   (क) त्रिभुवन विश्वविद्यालय – सदस्य
   (ख) संस्कृत विश्वविद्यालय – सदस्य
   (ग) काठमाडौं विश्वविद्यालय – सदस्य
(१२) अध्यक्ष, नेपाल परिवार नियोजन संघ – सदस्य
(१३) उपाध्यक्ष समाजकल्याण परिषद् – सदस्य
(१४) जनसंख्या क्षेत्रमा सक्रिय महिलाहरूमध्येबाट समितिको अध्यक्षले तोकेको दुईजना प्रतिनिधि – सदस्य
(१५) जनसंख्यासम्बन्धी विशेषज्ञहरूमध्येबाट समितिको अध्यक्षबाट मनोनीत तीनजना व्यक्ति – सदस्य
(१६) सदस्य-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
225

## सूचना २

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का.मु. सचिव श्री खगेन्द्र बस्न्यात भारतको कलकत्तामा हुने (Travel and Tourism Fair 95) मा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५२।५।७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

## सर्वोच्च अदालतको सूचना

सर्वोच्च अदालतका रजिष्ट्रार श्री माधवदत्त भट्ट एशिया तथा प्रशान्त क्षेत्रका प्रधान न्यायाधीशहरूको सम्मेलनमा सम्माननीय प्रधान न्यायाधीशज्यूको साथमा सहभागी भई जानु हुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो रजिष्ट्रार पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी यस अदालतको मिति २०५२।४।२३ को निर्णयानुसार यसै अदालतका सह-रजिष्ट्रार श्री निर्मलकुमार ढुङ्गानालाई मिति २०५२।४।२९ गतेदेखि कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
बालचन्द्र शर्मा
उप-रजिष्ट्रार सर्वोच्च अदालत

श्री ५ को सरकार

## गृह मन्त्रालयको
## सूचना १

जिल्ला प्रशासन कार्यालय, इलामका प्रमुख जिल्ला अधिकारी श्री माधव ओझा मिति २०५२ जेष्ठ ८ देखि १२ सम्म संचालन हुने नेपाल भारत संयुक्त सीमा कार्यदलको बैठकमा भाग लिन जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम १ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री कमलमणि काफ्लेलाई मिति २०५२।२।४ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

## सूचना २

जिल्ला प्रशासन कार्यालय, पाल्पाका प्रमुख जिल्ला अधिकारी श्री भरतमणि रिसाल मिति २०५२।२।२१ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री ताराप्रसाद भट्टराईलाई मिति २०५२।२।१६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज जोशी मिति २०५२।२।२६ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद खनाललाई मिति २०५२।२।२८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

जिल्ला प्रशासन कार्यालय, डडेलधुराका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र दाहाल मिति २०५२।२।२६ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री तेजप्रसाद पौडेललाई मिति २०५२।२।२८ को निर्णयानुसार कायम मुकायय मुकरर गरेको छ ।

## सूचना ५

जिल्ला प्रशासन कार्यालय प्यूठानका प्रमुख जिल्ला अधिकारी श्री विनोद ज्ञवाली मिति २०५२।२।२६ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री रविराज काफ्लेलाई मिति २०५२।२।२६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

239

## सूचना ६

जिल्ला प्रशासन कार्यालय, तनहुँका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रराज पौडेल मिति २०५२।२।३० देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री क्षेत्रबहादुर भण्डारीलाई मिति २०५२।२।२९ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ७

जिल्ला प्रशासन कार्यालय, गुल्मीका प्रमुख जिल्ला अधिकारी श्री बद्रीबहादुर कार्की मिति २०५२।२।२८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री डोलेन्द्रराज सापकोटालाई मिति २०५२।२।३१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ८

जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी श्री माधव-प्रसाद रेग्मी मिति २०५२।३।२ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री सिताराम कार्कीलाई मिति २०५२।३।१६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ९

जिल्ला प्रशासन कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी-प्रसाद भट्टराई मिति २०५२।३।१८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहनकृष्ण सापकोटा-लाई मिति २०५२।३।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232

## सूचना १०

जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी श्री विजय-राज भट्टराई मिति २०५२।३।२० देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनु-पस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्या-लयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद ज्ञवालीलाई मिति २०५२।३।१९ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ११

जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी श्रीमती उषा नेपाल मिति २०५२।३।२८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक मुख जिल्ला अधिकारी श्री हिमनाथ दवाडीलाई मिति २०५२।३।२५ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १२

जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारी श्री दयाराम शर्मा मिति २०५२।३।२८ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, पर्वतका सहायक प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम तिवारीलाई मिति २०५२।३।२६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कोषकुमार नेम्बाङ
कानून अधिकृत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228